## भावि योजनाहरु:

यस समितिको भाबि योजना निम्न लिखित रहेका छन्:

१. पानीको बढ्दो मागलाई ध्यानमा राखि २ वटा फिल्टर थप र आबश्यक संरचना निमार्ण गर्ने ।

२. यस टोलको फोहरलाई स्थानिय स्तरमा व्यवस्थापन गर्न कार्यक्रम संचालन गर्ने ।

३. स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

## व्यवस्थापन समितिका पदाधिकारीहरु:

**अध्यक्ष**

श्री बाबुरत्न अवाले
फोन नं. ५५४४२१९

**उपाध्यक्ष**

श्री श्याम अवाले
फोन नं. ५५५१८२१

**सचिब**

श्री रामकृष्ण महर्जन
फोन नं. ५५३२७७५

**कोषाध्यक्ष**

श्री बाबुराजा अवाले
फोन नं. ५५२८९००

**सदस्यहरु:**

श्री मंगल लाल अवाले
फोन नं. ५५४४२१९

श्री विके अवाले
फोन नं. ५५५५३०४

श्रीमती आभा अवाले
फोन नं. ५५३२६१७

श्रीमती सानु शोभा अवाले
फोन नं. ५५४४२१९

श्री सिवन महर्जन
फोन नं. ५५५२६६७

श्रीमती ज्ञानी शोभा अवाले
फोन नं. ५५३२७३६

श्रीमती जमुना अवाले
फोन नं ५५३३०६७

## सल्लाहकारहरु:

| | |
|---|---|
| टोलसुधार समितिको अध्यक्ष: | श्री मंगल दास महर्जन फोन नं. ५२००४०९ |
| महिला टोलसुधार समितिको अध्यक्ष: | श्रीमती शर्मिला महर्जन फोन नं. ५५४७८६६ |
| शहरी वातावरण व्यवस्थापन समाजका प्रतिनिधि | फोन नं. ५५५१७३० |
| वातावरण तथा जनस्वास्थ्य संस्थाका प्रतिनिधि | फोन नं. ४२७०९७१ |
| यू.एन.ह्याबिट्याटका प्रतिनिधि | फोन नं. ५५३६६९९ |




थप जानकारीको लागि :

**गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति**
**क्वयलाछी च्यासल, वडा नं ९, ललितपुर**
**फोन नं. ५५४११००**


# गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति

# Gajalaxmi Drinking Water Management Committee



## क्वय्लाछी च्यासल - वडा नं ९, ललितपुर

## २०६४

UN-HABITAT FOR A BETTER URBAN FUTURE · ENPHO Creating Eco Societies · शहरी वातावरण व्यवस्थापन समाज Urban Environment Management Society · गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति

## परिचयः

उपत्यकामा पानीको समस्या दिनानु दिन बढ्दै गइरहेको अबस्थामा स्थानिय स्तरमा भएको पानीको श्रोतलाई अधिकतम सदुपयोग गर्नु आजको आबश्यकता हो । सो कुरालाई ध्यानमाराखि ललितपुर उपमहानगरपालिकाको वडा नं. ९ र ११ स्थित क्वयलाछि टोलमा रहेको ३०० घरधुरीको २००० जनालाई शुद्धिकरण गरि पानीको मागलाई पुरा गर्न **गजलक्ष्मी खानेपानी व्यवस्थापन समिति**को गठन भएको हो ।

## उद्धेश्यहरुः

- सामुदायिक स्तरमा बायोसाण्ड प्रविधिको फिल्टर प्लान्ट जडान गरि बोतलमा पानी भरी समुदायमा न्यूनतम दरमा शुद्ध खानेपानी बितरण गर्ने
- प्रशोधित पानी बोटलमा भरि बितरण गर्ने प्रणालिको दीर्घकालिन रुपमा व्यवस्थापन गर्न स्थानिय समुदायलाई सशक्तिकरण गर्ने ।
- यस्तै परियोजना अन्य समुदायमा पनि संचालन गर्न अनुभव आदान प्रदान गर्ने ।

## शुरुवात कसरी भयोः

यस क्वयलाछि टोलमा खानेपानी संस्थानबाट बितरीत पानी नआउनु र टोलमा रहेको ढुङ्गेधारा पनि सुक्दै गएपछि नगरपालिकाको सहयोगमा पानीको आवश्कता पुरा गर्न ढुङ्गेधाराको छेउमा इनार निर्माण गरियो । तर यस इनारको पानी रासायनिक तथा अन्य हानिकारक जिवाणुबाट प्रदुषित रहेका कारण फिल्टर गरी पिउन योग्य बनाउन शहरी वातावरण व्यवस्थापन समाज (यूम्स्) लाई अनुरोध गरियो । यूम्स्ले यू.एन.ह्याबिटयाट र इन्फो संग सहकार्य गरि समुदायको सहभागितामा नेपालमा नै पहिलो बायोयाण्ड प्रविधिबाट फिल्टर गर्ने र पानी बोतलमा भरी समुदायमा बितरण गर्ने नमूना योजनाको तयार गरियो । समुदायको सक्रिय सहभागिताले गर्दा निर्माण कार्य समय अगाबै सम्पन्न भई मिति २०६४ साल बैशाख ७ गते माननिय भौतिक योजना तथा निमार्ण मन्त्री श्री हिसिला यमीज्यूबाट समुदघाटन भई संचालन भईरहेको छ ।

## समितिले गर्दै आईरहेको कार्यहरुः

- **फिल्टर तथा बितरण कार्यः** इनारको पानी बायोस्याण्ड फिल्टर प्रबिधिबाट शुद्धिकरण गरि २० लिटर जर्गिनमा स्थानिय उपभोक्ताहरुलाई रु. ३ र अन्य उपभोक्तालाई रु. ५ तथा २० लिटरको जारलाई रु. ८ मा बितरण गर्दै आई रहेको छ ।
- **गुणस्तर नियन्त्रण कार्यः** बायोस्याण्ड फिल्टर प्रबिधिबाट शुद्धिकरण भएको पानीलाई प्रदुषण हुन नदिन, बोटल सफा गरी पानी भर्ने, कार्यरत कर्मचारीको व्यक्तिगत सरसफाई, पानीको गुणस्तर जाँच र क्लोरिनेशन पछि मात्र पानी उपभोक्तालाई बितरण गर्ने गरिन्छ ।





- **मर्मत संभार कार्यः** इनारमा जडान भएको पम्प, ट्याङ्की, बायोस्याण्ड फिल्टर, धारा तथा अन्य भौतिक संरचनाहरुको मर्मत संभार कार्य तालिका अनुसार गर्दै आई रहेको छ ।
- **प्रशासकिय तथा लेखा कार्यः** समितिको प्रशासकिय तथा दैनिक कारोबारको लेखा कर्मचारी द्वारा राख्दै आईरहेको छ र तिनिहरुको अनुगमन समितिले गर्दै आईरहेको छ ।
- **अन्य कार्यहरुः** आफ्नै श्रोत र साधनबाट यस समितिले निम्नानुसार कार्यहरु सम्पन्न गरेको छ ।
  - ७५ थान जार रु. १७,६२५ मा र ५९७ थान जर्किन रु. ९६,९१० मा खरिद
  - एक थान बायोस्याण्ड फिल्टर रु. १४,००० मा जडान
  - २ थान जेनेरेटर रु. ५३,९५० मा र एक थान इन्भरटररु. ५,११० मा खरिद
  - एक थान क्यामरा रु. १८,००० मा र एक सेट रेन्चु रु. १,८६४ मा खरिद
  - एक थान २,००० लि.को ट्याङ्की र आबश्यक पाईप रु. १८,५०० मा र २ थान ड्रम रु. १,६०० मा खरिद
  - एक थान पानी तान्ने पम्प रु. ८,५०० मा खरिद
  - पानी भरेर राख्न ३ थान ऱ्याक रु. १२,४०५ मा खरिद

यस कार्यक्रम दीर्घकालिनरुपमा सन्चालन गर्न समितिले भबिष्यमा थप श्रोत साधनलाई परिचालन गरि बिभिन्न कार्य गर्ने लक्ष्य राखेको छ ।

## लाभान्वित परिवारः

शुरुमा गजलक्ष्मी खानेपानी व्यवस्थापन समितिले ललितपुर उप-महानगरपालिकाको वडा नं. ९ र ११ स्थित क्वयलाछि टोलमा रहको ३०० घरधुरीका २,००० जनालाई बितरण गरे पनि हाल यस कार्यक्रमबाट प्रत्यक्ष रुपमा ४,००० जना लाभान्वित हुनका साथै अप्रत्यक्ष रुपमा थप १,००० जना लाभान्वित भईरहेका छन् । यस बाहेक समितिले बिभिन्न सार्वजनिक कार्यक्रमहरुमा निःशुल्क पानी बितरण गर्दै आईरहेको छ ।




